# क्षिरेश्वरनाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## महेन्द्रनगर, धनुषा
### मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२
चलानी नं. :

**विषय : आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको आवेदन फाराम सम्बन्धि सूचना !**
**(सूचना प्रकाशन मिति : २०८१।१०।२७)**

प्रस्तुत विषयमा यस कार्यालयको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको मिति २०८१।१०।२० गतेको निर्णयानुसार यस नगरपालिका अन्तर्गत आधारभूत तह (कक्षा ८) संचालित विद्यालयहरुले आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०८१ मा विद्यार्थीहरुलाई सहभागी गराउनका लागि देहायको प्रक्रिया अनुसार परीक्षा आवेदन फाराम भरी/भराई तोकिएका कागजातहरु सहित अनिवार्य रुपमा मिति २०८१।११।१२ गते भित्र शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनु हुन सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

१. विद्यार्थी विवरण सच्याउनु पर्ने भएमा आफुले प्रयोग गर्ने कुनै पनि वेव ब्राउजरबाट https://emis.cehrd.gov.np मा गई आफ्नो विद्यालयको IEMIS लगइन गरी Student Record अन्तर्गत Students Information मा Click गर्ने । त्यस पछि Year 2081 र Class 8 छानी Load मा Click गरी प्राप्त विद्यार्थी विवरणको दायाँ साइडमा रहेको Actions को Edit मा गई **जन्मदर्ता बमोजिम पछिसम्म फरक नपर्ने र संशोधन गर्न नपर्ने गरी** सम्पुर्ण विवरणहरु मिलाउने तथा विद्यार्थीको विद्यालय पोसाकमा खिचिएको PP साइजको फोटो अनिवार्य रुपमा अपलोड गर्ने र Update गर्ने । विद्यार्थी विद्यालयमा नियमित अध्ययनरत नभएमा वा विद्यालय छाडिसकेको भएमा Not In School गरी उक्त विवरण हटाउने ।

२. सबै विद्यार्थीको विवरण रुजु पश्चात Manage Exam मा रहेको Application Form मा Click गर्ने । त्यस पछि Year 2081 र Class 8 छानी Load मा Click गरी प्राप्त Application Form मा दुई प्रति प्रिन्ट गर्ने र विद्यालयबाट गर्नु पर्ने प्रमाणिकरण गरी/गराई देहायका कागजातहरु संलग्न राखी पेश गर्ने :
   (क) विद्यालय पत्र,
   (ख) परीक्षा आवेदन फाराम र सिम्बोल नम्बर कायम भएको समष्टिगत फाराम (Manage Exam मा रहेको Control Sheet प्रिन्ट गरी प्रमाणित गरिएको फाराम)
   (ग) जन्मदर्ताको प्रमाणपत्र प्रतिलिपि प्रमाणित (विद्यार्थी र प्रधानाध्यापकद्वारा),
   (घ) २०८१ मा नयाँ भर्ना भएका विद्यार्थीको हकमा वेबबेस प्रणालीमा आधारित IEMIS बाट जारी भएको कक्षा ७ उत्तीर्ण Grade Sheet र अन्यको हकमा कक्षा ७ उत्तीर्ण Grade Legder को प्रतिलिपि प्रमाणित,
   (ङ) निजी/संस्थागत विद्यालयको हकमा चालु आर्थिक वर्ष २०८१।०८२ मा विद्यालय नविकरण गरिएको प्रमाणपत्रको प्रतिलिपी प्रमाणित,
   (च) निजी/संस्थागत विद्यालय र सार्वजनिक शैक्षिक गुठीको हकमा प्रति विद्यार्थी क्रमशः रु.५००।०० र रु.३००।०० दरले राजश्व बुझाएको भौचर/रसिद

३. प्रवेश पत्र प्रिन्ट तथा परीक्षा समयतालिका र परीक्षा केन्द्र सम्बन्धि सूचना परीक्षा समितिको निर्णयानुसार पछि जानकारी गराइनेछ ।

**पुनश्च :** विद्यार्थीका सम्पूर्ण विवरणहरु अद्यावधिक भए पश्चात सिम्वोल नम्बर कायमका लागि शिक्षा, युवा तथा खेलकुद शाखासँग सम्पर्क गर्नु पर्नेछ ।

२०८१/१०/२६
शिक्षा अधिकृत
दिपक खत्री
शिक्षा अधिकृत

**बोधार्थ**
श्री शिक्षा विकास तथा समन्वय इकाई, जनकपुरधाम, धनुषा ।
श्री सूचना तथा प्रविधि शाखा, क्षीरेश्वरनाथ न.पा.- सूचना वेवसाइटमा अपलोड गर्नु हुन ।



CamScanner